# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

पत्र संख्या :

चलानी नं. :

मिति: २०८२/०५/०३

### लम्पी स्किन डिजिज् फैलिन नदिन सतर्कता अपनाउने सम्बन्धी सूचना !!!

दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं. १ बाटाखर्कमा गाई/गोरू/राँगा/भैसीमा लाग्ने लम्पी स्किन रोग (LSD-Lumpy Skin Disease) देखापरेको तथा प्रयोगशाला परिक्षण गर्दा समेत Positive देखिएको हुँदा भीमेश्वर नगरपालिका भित्रका सम्पुर्ण गाई/गोरू/राँगा/भैसी पालन गर्ने किसानहरुलाई सर्तकता अपनाउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**लम्पी स्किन रोगको परिचय (Introduction to LSD)**

लम्पी स्किन रोग गाई/गोरू/राँगा/भैसीमा विषाणुका कारण लाग्ने रोग हो। यो रोग टोक्ने वा रगत चुस्ने झिंगा (डाँस), लामखुट्टे, किर्ना, भुसुना जस्ता किराहरूको टोकाइ, सङ्क्रमित पशु एक स्थानबाट अन्यत्र लैजाँदा वा सङ्क्रमित पशुको सम्पर्कका कारण स्वस्थ्य पशुमा सर्ने गर्छ। यो रोग सजिलै सरी छोटो समयमा धेरै स्थानमा फैलिन सक्ने प्रकृतिको हुन्छ।

**लम्पी स्किन रोगका लक्षणहरू (Symptoms of LSD)**

- उच्च जोरो आउने (१०४° फरेनहाइट वा माथि ),
- लिम्फ नोड्सहरु सुन्निने र शारीरका विभिन्न ठाउ (टाउको, घाँटी, पेट, थुन र अण्डकोश वरिपरि ) गिर्खाहरु देखिने,
- आहार रुचिमा कमि आउनाले तौल घट्ने,
- आखाँबाट पानी र नाकबाट सिगान बगिरहने, कचेरा निकाल्ने र मुखबाट धेरै फिज निकाल्ने,
- दुधालु गाईभैसीमा दुध उत्पादन ८०% सम्म घट्ने ,
- जोर्नी र खुट्टाहरु सुनिने र हिड्न अफ्ट्यारो हुने ,
- गर्व तुहिने र पछि बाझोपान पनि देखिन सक्ने ।

**रोकथामका उपायहरु (Preventive Measures)**

- रोगी पशुलाई निरोगी पशुबाट छुट्टाई अलग्गै राख्ने,
- सङ्क्रमित क्षेत्र भन्दा बाहिरका स्वस्थ ३ महिनाभन्दा बढी उमेर समूहका पशुलाई उत्पादकले तोकेको मात्रामा लम्पी स्किन विरूद्ध वर्षेनि खोप लगाउने,
- गर्भिणी सङ्क्रमित पशुबाट जन्मेका बाच्छबाच्छी/पाडापाडीलाई ४ महिनापछि खोप लगाउने र सङ्क्रमणबाट निको भएका पशुलाई १ वर्ष पछाडी मात्र खोप लगाउने,
- गोठमा झिंगा, लामखुट्टे, भुसुना लाग्न नदिन गोठको नियमित सरसफाई गरी गोठ वरिपरि धुँवा लगाउने र फिनेल पानी छर्किने,
- गोठमा अनाधिकृत व्यक्तिलाई आवतजावत गर्न नदिने र रोगी पशुलाई सामुहिक चरन/खर्क, आहालमा नलैजाने,
- सङ्क्रमित क्षेत्रबाट पशुको ओसारपसार नगर्ने/नगराउने,
- सङ्क्रमित साँढे वा राँगो रोग निको नभएसम्म प्रजनन्को लागि प्रयोग नगर्ने/नगराउने,
- नयाँ पशु गोठमा भित्राउँदा बथानमा नमिसाई कम्तिमा २८ दिन अलग्गै राख्ने,
- मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा पुर्ने,
- प्राविधिकको सल्लाह बमोजिम रोगि पशुहरुको लक्षणका आधारमा उपचार गर्ने/गराउने।

**नोटः** पशुहरुमा लम्पी स्किन रोगसंग मिल्दोजुल्दो लक्षण देखिएमा पशु सेवा शाखामा सम्पर्क गर्नुहुन यसै सूचना मार्फत अनुरोध छ।

थप जानकारीको लागिः- ९८६२०६३५१५, ९८४४३०१९६०, ९८४४२३५५५४, ९८५११४८२०२

डा. निशान दाहाल
पशु विकास अधिकृत

डा. निशान दाहाल
पशु विकास अधिकृत (सातौं)

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत